
# लेखापरीक्षण प्रतिवेदन

# घ्याङखेल गाउँपालिका, सिन्धुली

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## घ्याङ्खेल गाउँपालिका, सिन्धुली

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/58

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

घ्याङखेल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

हायुटार,सिन्धुली।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.६ लाख ,सामाजिक सुरक्षा तथा संरक्षणको रु.५ करोड ३१ लाख ७४ हजार र स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु.२५ लाख समेत गरी रु.५ करोड ६२ लाख ७४ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.८२ करोड २५ लाख ७८ हजार लेखापरीक्षण गरिएकोमा रू.१ करोड ४ लाख ४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ५ लाख ३६ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भएकोमा बाँकी बेरुजु रु.९८ लाख ६८ हजार रहेको छ।बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु. ५ लाख ९५ हजार,प्रमाण कागजात पेश गर्नुपर्नेमा रु.३५ लाख २५ हजार, नियमित गर्नुपर्ने रु.५७ लाख ४८ हजार रहेको छ।पालिकाको गत वर्ष सम्म रु.१४ करोड ७ लाख १७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१४ करोड २७ लाख १३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने घ्याङखेल गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी घ्याङखेल गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६७ | ३४ | १,०४,०४,५८८ | ० | ८ | ५,३६,४१८ | ० | ६७ | २६ | ९८,६८,१७० | ५,९५,४८२ | ५७,४७,९७९ | ३५,२४,७०९ | ० | ० | ९२,७२,६८८ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुली | १४,०७,१७,१६८ | ० | ७८,७२,२०५ | १३२८४४९६३ | ० | ९८,६८,१७० | १४२७१३१३३ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ५२.१ | आ.ले. प. बेरुजु | ८,००,००० |
| २ | २०७८/७९ | ३७ | बजेट निर्माण खर्चः | २,२२,०३५ |
| ३ | २०७८/७९ | ८१ | कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएकोः- | ९,०५,८८८ |
| ४ | २०७८/७९ | ५६ | आ.ले.प. बेरुजुतर्फः- | ३,७३,७८३ |
| ५ | २०७८/७९ | ५९.३ | शिक्षा तर्फ देखिएका व्यहोरा निम्न छन् | २,९५,३१७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०७९/८० | ३७ | बढी भुक्तानी | २४,०८४ |
| ७ | २०७९/८० | ५० | फरक दरमा लागत अनुमान स्वीकृत | ६,०८,७३६ |
| ८ | २०७९/८० | ३५ | घटी कर बीजक | ७६,१८३ |
| ९ | २०७९/८० | ३९ | एजविल्ट नक्सा पेश नभएको | ५०,००० |
| १० | २०७९/८० | ६५ | अनुगमन भत्ता | २,६७,००० |
| ११ | २०७९/८० | ६४ | समन्वय भत्ता | ८४,००० |
| १२ | २०७९/८० | ४९ | सेफ हाउस निर्माण | ४१,४२,६७९ |
| १३ | २०७९/८० | २८ | व्याकहोलोडरको भाडा | २२,५०० |
| १४ | २०८०/८१ | ६६ | एज विल्ड नक्सा सम्बन्धमाः | ४०,००० |
| १५ | २०८०/८१ | ६५ | सेफ हाउस निर्माण सम्बन्धमा : | ९०,७६५ |
| १६ | २०८०/८१ | ४९ | शाहि ठाकुर आधारभुत विद्यालय रातु चैनपुरः | १,३९३ |
| १७ | २०८०/८१ | ६१ | बन्दीपुर गोपे मझुवा सडकः | १,६०,८४९ |
| १८ | २०८०/८१ | ५५ | प्रमाणः | ८,१५५ |
| १९ | २०८०/८१ | ५० | पाइप खरिदः | २,३५,२५६ |
| जम्मा | | | | ८४,०८,६२३ |

# (८०३२५५०२३०० - घ्याङ्खेल गाउँपालिका, सिन्धुली )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस घ्याङलेख गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, १६७ वर्ग किलोमिटर क्षेत्रफल तथा १२२३४ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।२५ देखि २०८१ ।८।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्यय तर्फ रु. ८२ करोड २५ लाख ७८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७४७३३६ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| मिति | भौचर नं | वैक | वापत | रकम |
|---|---|---|---|---|
| २०८१।९।७ | ७३९१४४१७ | रा वा बैक | सामाजिक सुरक्षा भत्ता | ८५७३४ |
| २०८१।९।७ | ७३९१३९५१ | | पारिश्रमिक कर | ३३९०० |
| २०८१।९।४ | २९४३२११२९८५ | एस वि आइ बैक | बढी भुक्तानी | १७४२५ |
| २०८१।९।७ | विभिन्न | एस वि आइ बैक | स्टाफ मिटिङ बैठक भत्ता | ९६९०० |
| २०८१।९।८ | ३९४३२११३५२६,३४९३ | एस वि आइ बैक | दोहोरो सुविधा | ४२४८० |
| २०८१।९।८ | ३९४३२११३५०३ र अन्य | एस वि आइ बैक | बढि दरको बैठक भत्ता | ५५२५ |
| २०८१।९।८ | विभिन्न | एस वि आइ बैक | दोहोरो सुविधा | ३१५२९१ |
| २०८१।९।४ | ७३८०९४७५ | रावा बैक | पाठ्य पुस्तक बढी भुक्तानी | ८२७६ |
| २०८१।९।२ | ७३६८९९६९, ७३६९०८३१ | रावा बैक | छात्रवृत्ति रकम बढि निकासा | ४००० |
| २०८१।९।७ | ७३९१९३५१ | रावा बैक | संघको खर्च | ४६६२५ |
| २०८१।९।७ | ७३९१९३५१ | रावा बैक | प्रविधि हस्तान्तरण | ७१००० |
| २०८१।८।२८ | ७३५०८०२४ | रा वा बैक | शिक्षक तलब तथा छात्रवृत्ति रकम बढि निकासा | २०१८० |
| जम्मा | | | | ७४७३३६ |

## २ एकिकृत आर्थिक विवरण

घ्याङलेख गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को एकिकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु | २१९५७२३७७.६ |
| | बैंक मौज्दात | ४१६७१८९६.१२ | 2 | पूँजीगत | १११११७४२१ |
| | यस वर्षको धरौटी आम्दानी | ९१६४४५८ | 3 | धरौटी फिर्ता | ३०६९४२७ |
| २ | आन्तरिक राजस्व आम्दानी | | 4 | बढी कर दाखिला | २३४९५३ |
| | आन्तरिक राजश्व | ३९७२८१८.२६ | 5 | मर्मत सम्भार कोष | ४४०८३०३.४ |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | १९३०५०४०.१ | 6 | प्रकोप व्यवस्थापन कोष | २११४१९६ |
| | राजश्व बाँडफाँड संघीय सरकार | ६४२३१११६.२८ | 7 | कर्मचारी कल्याण कोष | ० |
| | स्थानीय राजस्व बाडफाड | २३२२०३५.९४ | 8 | समाजिक सुरक्षा तथा संरक्षण | ५३१७४९३.६० |
| ३ | संघीय सरकारबाट प्राप्त अनुदान | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ६००००० |
| | वित्तीय समानिकरण अनुदान | ६५१९३००० | | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | २५००००० |
| | सशर्त अनुदान | १२३४७१३७९.५ | | मौज्दात | ७०६६८८८४.०१ |
| | समपुरक अनुदान | १५१२५५९५ | | बैंक मौज्दात | ५०८८८३९४.६४ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विशेष अनुदान | ५८०६७४७ | | धरौटी मौज्दात | ६०९५०३१ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | कल्याण कोष खाता | ५००००००.६ |
| | वित्तीय समानिकरण अनुदान | ६०५२००० | | प्रकोप व्यवस्थापन खाता | २७३४३१३.३ |
| | सशर्त अनुदान | १५६७१८७० | | मर्मत सम्भार खाता | ५९५११४४.४७ |
| | समपुरक अनुदान | १४७२८३८५ | | | |
| | विशेष अनुदान | ४२६१२६३ | | | |
| ५ | विभिन्न कोष तर्फको आय | | | | |
| | मर्मत सम्भार कोष | ८९८०९३८.८७ | | | |
| | प्रकोप व्यवस्थापन कोष | ४८४८५०९.३ | | | |
| | कर्मचारी कल्याण कोष | ५००००००.६ | | | |
| ६ | विषयगत निकायबाट प्राप्त रकम | | | | |
| | सडक बोर्ड नेपाल | १३७८५०९ | | | |
| | समाजिक सुरक्षा तथा संरक्षण | ५३१७४५९३.६ | | | |
| | | | | | |

| | | | | |
|---|---|---|---|---|
| | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ६००००० | | |
| | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | २५००००० | | |
| | जम्मा | ४६७४६०१५५.६ | जम्मा | ४६७४६०१५५.६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदनको विश्लेषण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NAPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ५३१७४५९३.६ , स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु २५०००००.०० र स्वास्थ्य सुधार कार्यक्रम रु ६००००० समेत गरी रु ५६२७४५९३.६ सुत्रमा लेखाङ्कन गरेको छैन ।पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेश गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि एकिकृत आर्थिक विवरण र उक्त प्रतिवेदनमा धरौटी समावेश नभएको कारण रकममा भिन्नता देखिन्छ ।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । पालिकाको आर्थिक वर्ष २०८०।८१ को एकीकृत वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) देहाय बमोजिम रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ फरक हिसाब - पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ८१६०९०७ , यस वर्षको प्राप्ति रु ७७८०६९६५.७५, यस वर्षको भुक्तानी रु ६६१८९१९८.८७ र बैङ्क मौज्दात रु २३६२३९.१५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | ५८९९७२६१.१२ | ३३८८१६८३५.७४ | ३३०६०२०७२.७३ | ७०९०५१२६.१६ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५०८३६३५४.१२ | ४१६६२३८०१.४९ | ३९६७९१२७१.६ | ७०६६८८८४.०१ |
| फरक | ८१६०९०७ | ७७८०६९६५.७५ | ६६१८९१९८.८७ | २३६२३९.१५ |

बैंकमा मौज्दात फरक परेकोमा के कारणबाट फरक परेको हो पत्ता लगाई हिसाब मिलान गरिनुपर्दछ ।

३.३ **फरक जिम्मेवारी** – पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब एकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु ८००९३४४७ मौज्दात रहेकोमा यो वर्ष रु ५८९९७२६१.१२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु २१०९६१८५.८८ घटी जिम्मेवारी सारेको देखिन्छ। घटी जिम्मेवारी सम्बन्धमा भिडान गरी हिसाब मिलान गर्नुपर्दछ ।

३.४ बैक हिसाब मिलान – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२)अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैंक हिसाब मिलान विवरण (म.ले.प. फा.नं. २१२) तयार गरी हिसाव भिडान समेत गर्नुपर्दछ।स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (सुत्र) को बैंक तथा नगद बाँकीको प्रतिवेदन देहायबमोजिम रहेको छ ।

| खाताको नाम | श्रेस्ता अनुसार २०८१ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८१ असार मसान्तको बाँकी |
|---|---|---|
| सञ्चित कोष | ५०८८८३९४. ६४ | ५०८८८३९४. ६४ |
| चालु खाता | ० | ० |
| पूँजीगत खाता | ० | ० |
| मर्मत खाता | | |
| कल्याण कोष तथा विविध कोष खाता | ५००००००.६० | ५००००००.६० |
| प्रकोप व्यवस्थापन कोष खाता | २७३४३१३.३० | २७३४३१३.३० |
| विविध खर्च खाता | ५९५११४४.४७ | ५९५११४४.४७ |
| धरौटी खाता | ६०९५०३१ | ६०९५०३१ |
| जम्मा | ७०६६८८८४.०१ | ७०६६८८८४.०१ |

४ **आन्तरिक लेखापरीक्षण :**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाको अन्तरसरकारी अख्तियारीको अन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भएको छ भने पालिका तर्फको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । आन्तरिक लेखापरीक्षक नभएको कारण आन्तरिक लेखापरीक्षण नभएको कार्यालयको भनाइ रहेको छ । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने आधार देखिएन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु. देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम (१०) बमोजिम स्थानिय तहले एकिकृत वित्तिय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी वाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन ।

• निजामति सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पतिको अभिलेख संकलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरुको अभिलेख राखेको पाइएन ।

• तलवी प्रतिवेदन पारित नगरेको

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

## ६ बजेट सीमा निर्धारण समिति :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत

प्रक्षेपण गर्नुका साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गरिनुपर्ने देखिन्छ ।

८ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०/०३/१० गते रु ४५ करोड ९९ लाख २६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।१० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०/०४/१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ ।

९ **बजेट खर्च :**

आर्थिक वर्ष २०८०।८१ मा पालिकाको कुल बजेट खर्च मध्ये चालु र पूँजीगत खर्च देहाए बमोजिम गरेको छ ।

| कुल बजेट | कुल बजेट खर्च रु | चालु खर्च रु | प्रतिशत | पूँजीगत खर्च रु | प्रतिशत |
|---|---|---|---|---|---|
| ४५९९२६६५८ | ३३०६०२०७२.७३ | २१९४८४६५२ | ६६.३९ | १११११७४२१ | ३३.६१ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु ४५ करोड ९९ लाख २६ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु २१ करोड ९४ लाख ८४ हजार र पूँजीगत तर्फ रु ११ करोड ११ लाख १७ हजार गरी कुल खर्च रु ३३ करोड ६ लाख २ हजार अर्थात कुल बजेट खर्चको ३३.६१ प्रतिशत पूँजिगतमा र ६६.३९ प्रतिशत चालुमा खर्च भएको छ ।

१० **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ३९७२८१८.२६ र राजस्व बाँडफाँडवाट रु ८५८५८१९२.३२ जम्मा रु ८९८३१०१०.५८ र अनुदानबाट रु १२६८३८८६० समेत रु २१६६६९८७०.५८ आम्दानी भएकोमा चालु तर्फ रु २१९४८४६५१.७३ र पूँजिगत तर्फ रु १११११७४२१ समेत रु ३३०६०२०७२.७३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२० प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ४९३७९०५ खर्च भएको छ जुन आन्तरिक आयको १२४.२९ प्रतिशत रहेको छ । पालिकाले कुल खर्चको तुलनामा ३३.६१ प्रतिशत चालु, ६६.३९ प्रतिशत पूँजिगत निर्माण तर्फ खर्च भएको देखिन्छ । यसबाट पालिकाले प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकतम रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११ **क्षेत्रगत बजेट र खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको २०८०/८१ को क्षेत्रगत

बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| सिनं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २३७३७००० | १४०२३५५७ | ४.२४ |
| २ | पूर्वाधार विकास | १४७९७९००० | ९७६५०२०२ | २९.५३ |
| ३ | सामाजिक विकास | १४४८३२१३४ | ११९६४१७४०.१४ | ३६.१८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३९४१०००.३४ | १३८५६८४ | ०.४२ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १३९४३७५२३.६६ | ९७९००८८९.५९ | २९.६१ |
| | **जम्मा** | **४५९९२६६५८** | **३३०६०२०७२** | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ३६.१८ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा अर्थात ०.४२ प्रतिशत खर्च रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

१२ **त्रैमासिक पूँजीगत खर्च :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | २७००६४६५ | ५४३१८८ | २८२७८५१ | ३३४१७९४ | २०२९३६३२ | १४३७६३०४ |
| २ | प्रदेश पूँजीगत | १५५५३४७२ | ० | ० | ३५७००० | १५०१६४७२ | १००६०१८२ |
| ३ | गाउँपालिका पूँजीगत | ६८५५७४८४ | १३४४४९५१ | ७५४२७२५ | १४४०४७६९ | ३३३४५०३९ | १७८१६९८३ |
| | कूल खर्च | १११११७४२१ | १३९८८१३९ | १०३७०५७६ | १८१०३५६३ | ६८६५५१४३ | ४२२५३४६९ |
| | खर्च प्रतिशत | १०० | १२.५९ | ९.३३ | १६.२९ | ६१.७९ | ३८.०३ |

उपरोक्त विवरण अनुसार पूँजिगत तर्फमात्र वार्षिक रु ११ करोड ११ लाख १७ हजार निकासा खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रु १ करोड ३९ लाख ८८ हजार (१२.५९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु १ करोड ३ लाख ७० हजार (९.३३ प्रतिशत) तेस्रो त्रैमासिकमा रु १ करोड ८१ लाख ३ हजार ( १६. २९ प्रतिशत) र चौथो त्रैमासिकमा रु ६ करोड ८६ लाख ५५ हजार ( ६१ .७९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ४ करोड २२ लाख ५३ हजार ( ३८.०३ प्रतिशत) खर्च गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलन हुने गरी कार्य गरिनुपर्दछ ।

१३ **अनुदान फिर्ता :**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त चालु पूँजिगत | १४०००१००० | १२३४७१३७९.५ | १६५२९६२०.४६ |
| | विषेश | ६०००००० | ५८०६७४७ | १९३२५३ |
| | समपुरक | १७५०००००० | १५१२५५९५ | २३७४४०५ |
| **जम्मा** | | **१६३५०१०००** | **१४४४०३७२१.५** | **१९०९७२७८.४६** |
| **प्रदेश सरकार** | शसर्त चालु पूँजीगत | १७१२२००० | १५६७१८७० | १४५०१३० |
| | विषेश | ६०००००० | ४२६१२६३ | १७३८७३७ |
| | समपुरक | २०००००००० | १४७२८३८५ | ५२७१६१५ |
| **जम्मा** | | **४३१२२०००** | **३४६६१५१८** | **८४६०४८२** |
| **कुल जम्मा** | | **२०६६२३०००** | **१७९०६५२३९.५** | **२७५५७७६०.४६** |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु १६ करोड ३५ लाख १ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु १४ करोड ४४ लाख ३ हजार बजेट खर्च भई बाँकी रु १ करोड ९० लाख ९७ हजार मिति २०८१।३।२६ मा संघीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु ४ करोड ३१ लाख २२ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु ३ करोड ४६ लाख ६१ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु ८४ लाख ६० हजार मिति २०८१।३।२६ मा प्रदेश संचित कोषमा फिर्ता देखिन्छ ।

१४ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राहि समुदाय समेतवाट वार्षिक रु ११ करोड ११ लाख १७ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको मा खरीद गुरुयोजना वनाएको पाइएन ।

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१६ **आवधिक योजना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको देखिएन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१७ **योजना छनौट र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वयन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | ३ | ११०००० |
| २ | रू.१ लाख देखि रू.५ लाख सम्मका योजना | ३६ | ८४४६१३४ |
| ३ | रु.५ लाखदेखि माथि रू.१० लाख सम्मका योजना | ८ | ४७६०००० |
| ४ | रू.१० लाख देखि माथि रू.२० लाख सम्मका योजना | ३ | ४७४३८६६ |
| ५ | रु २० लाख भन्दा माथिका योजना | १३ | ७५७००००० |
| | **जम्मा** | **६३** | **९३७६००००** |

उपर्युक्त विवरणअनुसार पालिकाले १ लाख भन्दा कमका योजना ३, १ लाख देखि ५ लाख सम्मका योजना ३६ ,५ लाख देखि १० लाख सम्मका योजना ८, १० लाख देखि २० लाख सम्मका योजना ३ र २० लाख देखि माथिका योजना १३ गरी ५३ योजनामा ९ करोड ३७ लाख ६० हजार विनियोजन गरि साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि हुँदै जाने हुनाले गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जीवनस्तर र रोजगारी बढ्ने, दिगो विकास,, वातावरणीय संरक्षण सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजना छनौट गरी प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ।

१८ **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१९ **ठेक्का बन्दोवस्त :**

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्र | ६ | ७२०००००० | ३ | ६०००००००० | ३ | १२०००००० | ० | ० | ६ | ५२७३७९२० |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागी रु ७ करोड २० लाख लागतको ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु ६ करोडको ३ ठेक्का, दोश्रो चौमासिकमा रु १ करोड २० लाखको ३ ठेक्का व्यवस्थापन भएको र तेस्रो चौमासिकमा ठेक्का व्यवस्थापन नभएको देखिन्छ । ठेक्का व्यवस्थापन मार्फत ६ वटा योजनाहरुमा रु ५२७३७९२० खर्च भई आर्थिक वर्षको अन्त्यसम्ममा ६ वटै ठेक्का सम्पन्न भएको देखिन्छ।

२० **ठेक्का प्रतिस्पर्धा :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १९.६२ देखि ३५.६७ प्रतिशत सम्म घटीमा कबोल गर्ने योजना कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यसका केही उदाहरण निम्नानुसार रहेका छन् ।

| क्र स | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान(भ्याट सहित ) | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | Chandanpur-Salle-Kerabari-Gairi-Bhaise-Bastipur-Satdobato Samma Sadak Nirman | ५ | २१२७२८८०.४१ | १५१८८३००.७१ | २६.५३ | दुबे धनमान निर्माण सेवा, सिन्धुली |
| २ | Rambhede-Jugepani sadak yojana | ५ | २१२४२८८४.२ | १६५९२८४७.७७ | १९.६२ | दुबे धनमान निर्माण सेवा, सिन्धुली |
| ३ | Bandipur-Gope-Majhuwa Sadak Yojana | ५ | २१२७२४९१.४ | १३२९८२००.०८ | ३५.६७ | दुबे धनमान निर्माण सेवा, सिन्धुली |
| ४ | Construction of Health Unit Lapse-3 | २ | ३२१५८८९.५५ | २१०४२७३.९५ | ३२.७ | चम्पादेबी प्रादिका कन्सट्रक्सन प्रा. लि |
| ५ | Construction of Health Unit Gope -4 | ३ | ३२२९४४९.५५ | २१२०२५३.५ | ३२.४८ | चम्पादेबी प्रादिका कन्सट्रक्सन प्रा. लि |
| ६ | Construction of Safe house | ३ | ६३०४७३९.५१ | ४१२४५००.८३ | ३२.६५ | चम्पादेबी प्रादिका कन्सट्रक्सन प्रा. लि |

२१ **निर्माण कार्य व्यवस्थापन :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले २० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यम तथा नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था रहेको छ।जस अनुसार ठेक्का तथा उपभोक्ता समिति मार्फत गरिएका कार्य देहाय अनुसार रहेका छन् ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ६० | ६ | ५३४२८३७६.८५ | ५४ | २५२६००४२.८६ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ६० योजना मध्ये ठेक्का मार्फत ६ वटा योजनामा रु ५ करोड ३४ लाख २८ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ५४ योजनामा रु २ करोड ५२ लाख ६० हजार खर्च गरेको छ । अर्थात ६०

योजनामा भएको खर्च रु ७ करोड ८६ लाख ८८ हजार मध्ये ६७.८९ प्रतिशत ठेक्का प्रक्रिया मार्फत र ३२.१० प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले यस वर्ष संचालित योजनाहरुमा सडक पिच ०.५ किलोमिटर, सडक ग्रावेल ५८०.२ घन मिटर र नयाँ ट्र्याक ६.९ किलोमिटर कार्य गरेको छ । उपभोक्ताबाट सडक निर्माण, सामुदायिक भवन निर्माण लगायत कार्य गराएको पाइँदा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गरिनुपर्दछ।

२२ **परामर्श तथा डीपीआर खर्च :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायका परामर्शदाता कम्पनीलाई रु ११८३६९५० परामर्श शुल्कवापत भुक्तानी गरेकोमा सो अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रकम रु ८१४४७२७३५.६९ रहेको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| DPR Prepration of Construction of Satdobato Tourism Project | R.S.S Engineering Consultancy | १७५५४१६.५८ | १५९८९५० | १०३७१८७१७.४५ |
| Prepration of Wash Plan of Ghyanglekh Rural Municpality | Ripple Training and Consulting services Pvt. Ltd | २००००० | ९०४०००० | ६५५३७४३५१ |
| Development Masterplan and DPR of Industrial Village at Ghyanglekh Rural Municipality | Jenish Consultant and Construction Pvt. Ltd | १२१७१०३.२३ | ११९८००० | ५५३७९६६७.२४ |
| जम्मा: | | ४९७२५१९.८१ | ११८३६९५० | ८१४४७२७३५.६९ |

पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दा पालिकाको जनशक्तिको विश्लेषण, परामर्श सेवाको आवश्यकता विश्लेषण गरी खरिद गर्नुपर्नेमा सो गरेको पाइएन ।परामर्श सेवा लिइसकेपछि सो प्रतिवेदनको कार्यान्वयनको अवस्था के रहेको छ एकिन गर्न सकिएन भने त्यसरी तयार भएका डि.पि.आर अभिलेखाङ्कनको रुपमा लेखाङ्कन गरिनुपर्दछ।

२३ **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले २ करोड ५२ लाख ६० हजारका योजनाहरु उपभोक्ता समितिबाट गरेको पाइयो। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

(क) खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

ख) प्राविधिक विल र कार्यसम्पन्न - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत

अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्तासमितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

घ) हेभी इक्विपमेण्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाइएन ।

ङ) लागत सहभागिता - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

च) आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

## २४ सेवा प्रवाहको स्थिति :

पालिकाले यस आर्थिक वर्ष जन्मदर्ता ४५८ ,मृत्यु दर्ता १३८, बसाईसराई दर्ता ४० , विवाह दर्ता १८२ , सम्बन्ध विच्छेद १८ गरी ८३६ जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ भने भूमिहिन दलित ३ , भुमिहिन सुकुम्वासी २१, अव्यवस्थित बसोवास ५७४ गरी ५९८ जना भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन गरेको छ ।

## २५ न्यायिक समिति :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| | ६ | ६ | ६ | ० |

गत वर्ष मुद्दा बाँकी नरहेकोमा यस वर्ष ६ वटा विवाद दर्ता भएकोमा ६ वटा नै फर्स्यौट तथा कारवाही भएका छन ।

२६ **कानुन निर्माण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | ३५ |
| २ | नियमावली | ११ |
| ३ | कार्यविधि तथा निर्देशिका | ५० |
| ४ | नीति | २ |
| | जम्मा | ९८ |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका ३५ ऐन, ११ नियमावली र ५० कार्यविधि निर्देशिका तथा नीति गरी जम्मा ९८ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ । सोहि ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधी पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाइएन।

२७ **रकमान्तर :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शीर्षकबाट पूँजिगत शीर्षकमा पच्चिस प्रतिशतले नबढाई रकमान्तर गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा यस पालिकाले २०८० आषाढमा आर्थिक वर्ष ०८०।८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस गाउँ सभाको निर्णयवाट विभिन्न १८ कार्यक्रम तथा योजनाको रु ८८३०३६६ बजेट घटाई विभिन्न १७ योजना तथा कार्यक्रममा रु ८८३०३६६ बजेट वृद्धि गरी खर्च गरेको छ । यसरी गाउँसभाबाट स्वीकृत कार्यक्रम घटाई कार्यपालिकाको निर्णयबाट अन्य योजना तथा कार्यक्रममा खर्च गरेको छ।

२८ **आर्थिक सहायता :**

पालिकाले यस वर्ष विपन्न असहाय विपद व्यवस्थापन लगायतमा रु ५००० देखि रु ७००० सम्म अध्यक्षको तोक आदेशको आधारमा र रु ७००० माथिको कार्यपालिकाको निर्णयले यस वर्ष ३० जनालाई आर्थिक सहायता प्रदान गरी रु ५,४९,००० अनुदान आर्थिक सहायता कार्यविधि २०७६ अनुसार आर्थिक सहायता वितरण गरेको छ ।जुन आन्तरिक आय रु ३९७२८१८.२६ को १३.८१ प्रतिशत हुन आउँछ । कार्यविधि र मापदण्ड तयार गरेर मात्र खर्च गरिनुपर्दछ।

२९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थायी २७ र करार ४९ सहित ७६ जना पदपूर्ती भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, लेखा अधिकृत आन्तरिक लेखापरीक्षक प्रशासन सहायक, सव इन्जिनियर सहित ५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

३० **कर्मचारी व्यवस्था :**

स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको काममा सेवा करारबाट लिने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र विना प्रस्ताव दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक २७ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु ११७३४०८४ भुक्तानी गरेको पाइयो ।जस मध्ये ४ जना दरबन्दी भन्दा बाहिरका रहेका छन । ऐनको व्यवस्था विपरीत ४ जना दरबन्दी भन्दा बाहिर करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

| पद | नियुक्ति संख्या | मासिक तलव भत्ता दर रु. | वार्षिक तलब भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| इन्जिनियर | १ | ४३६८९ | ५२४२६८ | दरबन्दी भित्रका करार |
| कम्प्यूटर अपरेटर | १ | ३४७३० | ४६१४९० | |
| सव इन्जिनियर | १ | ३४७३० | ४६१४९० | |
| सहायक पाँचौ कृषि | १ | ३४७३० | ४६१४९० | |
| सहायक कम्प्यूटर अपरेटर | ५ | २८७५० | १९१८७५० | |
| असिष्टेन्ट सव इन्जिनियर | ३ | ३२९०२ | १३१३१७८ | |
| अहेव | ५ | ३२९०२ | २१८८६३० | |
| अनमि | ६ | ३२९०२ | २६२६३५६ | |
| जम्मा | २३ | | ९९५५६५२ | |
| स्टाफ नर्स | २ | ३४७३० | ९२२९८० | दरबन्दी बाहिरका करार |
| सि अनमि | १ | ३२९०२ | ४२७७२६ | |
| ल्याब असिष्टेन्ट | १ | ३२९०२ | ४२७७२६ | |
| जम्मा | ४ | | १७७८४३२ | |
| कुल जम्मा | २७ | | ११७३४०८४ | |

| | |
|---|---|
| अनियमित भएको | १७,७८,४३२ |

### ३१ तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी :

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फ ११ जना गाउँपालिका तर्फ १२ जना गरी २३ जना स्थायी कर्मचारीलाई रु १७७६७२९५ तलब भुक्तानी गरेको छ अत: कर्मचारी तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नुपर्दछ ।

### ३२ कल्याणकोष :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाई पाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा एकमुष्ट रु २० लाख ट्रान्सफर गरेको छ । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

३३ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।साथै पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि पालिकाले तोकिए बमोजिम विवरण एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला नगरेको र सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित अनुगमन गरिनुपर्दछ ।

३४ **कृषि पशु अनुदानः**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट ६११ जनाको लागि रु ७० लाख २३ हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्रम | अनुदानको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | मिनि टिलर वितरण ७ एच.पि २०Ü अनुदानमा | १० | ७०० |
| २ | प्लाष्टिक टनेल वितरण कार्यक्रम | २५७ | १२८५ |
| ३ | सिंचाई पाईप वितरण कार्यक्रम | ५० | १९८ |
| ४ | बीउ बोका वितरण कार्यक्रम | ३० | ९७९ |
| ५ | बाख्रा/पाठी वितरण कार्यक्रम | १०० | ९४५ |
| ६ | खोर सुधार कार्यक्रम | १२३ | १८२७ |
| ७ | बाख्रा प्रवर्द्धन कार्यक्रम | २ | ५०० |
| ८ | गोठ सुधार कार्यक्रम | ३९ | ५८९ |
| | **जम्मा** | ६११ | ७०२३ |

३५ **इन्धन खर्चः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सूबिधा सम्वन्धी ऐन, २०७७ को दफा ४(२) बमोजिम सवारी साधन उपलव्ध गराएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम अध्यक्षले तथा उपाध्क्षले मासिक ८० लिटर ईन्धन र ५ लिटर मोविल, वडा अध्यक्षलाई मासिक २० लिटर ईन्धन र १ लिटर मोविल पाउने उल्लेख छ । त्यस्तै प्रदेश सरकारको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसार अनुसूची ४ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर ईन्धन पाउने उल्लेख छ । पालिकाले यस वर्ष पदाधिकारी, कार्यालय प्रयोजन / अन्य प्रयोजन समेत ३ वटा चार पाङ्ग्रे ब्याकहो लोडर सहित र १८ वटा दुई पाङ्ग्रे सवारी साधन सहित २१ सवारीको लागि बार्षिक रु २४०५४००।०० ईन्धनमा

खर्च गरेकोमा लगबुक पुर्ण रुपमा अभिलेख नराखी आशिंक रुपमामात्र राखेको देखिन्छ भने ऐन र नियममा भएको ईन्धन सूविधाको सिमाको समेत पालना गरेको देखिएन । पालिकाले ईन्धन खर्च सम्वन्धी मापदण्ड तयार गरी ईन्धन खर्चमा मितव्ययीता कायम गर्न उल्लेखित ऐन र खर्च मापदण्ड निर्देशिकाको पालना गर्नुपर्दछ।

३६ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गरि बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षकबाट यस वर्ष गाउँसभा र कार्यपालिका सञ्चालनमा रु ५००३०५,अतिथि सत्कार रु ५२९७५० र खाजा खाना तथा अन्यमा रु ६८३४८२ गरी कूल रु १७१३५३७ खर्च गरेको छ ।जुन आन्तरिक आय रु ३९७२८१८.२६ को ४३.१३ प्रतिशत हुन आउँछ । यस्तो खर्च गर्दा स्पष्ट खर्चको मापदण्ड निर्धारण गरि यस्तो खर्चमा नियन्त्रण गरिदुपर्दछ ।

३७ **जे सी वी को आम्दानीः**

पालिकासँग पालिकाले खरिद गरेको १ वटा जे सी वी रहेको पाइयो ।उक्त जे सी वी योजनामा प्रयोग भए वापत योजनामा भुक्तानी हुने रकमबाट घटाएर उपभोक्ता समितिलाई बाकी रकम भुक्तानी हुने गरेको पालिकाले जनाएको छ ।यस वर्ष उक्त जेसिभिले रु ३३७५० आम्दानी गरेको पालिकाबाट प्राप्त विवरण बाट देखिन्छ भने उक्त जे सी वी सञ्चालनका लागि ईन्धन बापत रु ६७८५९१, र मर्मत बापत रु ६९४७६० र १ जना अपरेटर र १ जना सहयोगिको प्रोत्साहन वापत रु १२६६८० र तलब भत्ता बापत रु ३९६४६४ गरी जम्मा रु १८९६४९५ खर्च भएको छ।

३८ **गत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने र नियम ३९(१५) मा तोकिएका खर्च मात्र दायित्व सार्न सकिने व्यवस्था छ । यस वर्ष पालिकाले गत वर्षको ३४२४९७० । को देहायका फर्मको भुक्तानी बाँकी राखी दायित्व सारी यस वर्ष भुक्तानी गरेको छ ।स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आयको अनुमान वितरणको खाका, बजेट सीमा र श्रोतको सुनिश्चितताका आधारमा आगामी वर्ष दायित्व नसर्ने किसिमले गर्नुपर्नेमा यस आर्थिक वर्षमा भुक्तानी दिन नसकि दायित्व सृजना गर्दा आयको प्रक्षेपणका आधारमा बजेट बनाउनुपर्ने देखिन्छ ।

| योजनाको नाम | रकम |
|---|---|
| ५नं वडाको बाटो हेरालु परिश्रमिक | ४५००० |
| कर्मचारी कल्याण कोष जम्मा | १०००००० |
| सवारी साधन मर्मत | १५०००० |
| पदाधिकारी पोशाक | ३०३९७० |
| मोटर साइकल खरिद वापतको भुक्तानि | १७७६००० |
| वन्दिपुर खानेपानी मर्मत तथा पाइप खरिद | १५०००० |
| जम्मा | ३४२४९७० |

३९ **कर्मचारी प्रोत्साहन भत्ता :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६ (१) स्थानीय सेवा गठन सञ्चालन व्यवस्थापन सेवाको शर्त र सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको छ । स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यर्होने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकामा कार्यरत १० जना कर्मचारीलाई

प्रोत्साहन स्वरुप स्थानीय भत्ता गाउँ सभाको निर्णयानुसार १० हजार देखि १८ हजार सम्म प्रोत्साहन भत्ता भुक्तानी गर्दा यस वर्ष रु १३२६९५०।०० प्रोत्साहन भत्ता खर्च गरेको छ । जुन पालिकाको आन्तरिक आय रु ३९७२२८१८।०० को ३३.४ प्रतिशत हुन आउँछ । यस किसिमको भुक्तानी खर्चमा पालिकाको आन्तरिक आयलाई समेत विचार गरि सूचक निर्धारण गरि कानून बमोजिम खर्च लख्नुपर्दछ ।

४० **पेश्की बाँकी:**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका ठेकेदार व्यक्ति फर्म र संस्थालाई दिएको म्याद ननाघेको पेश्की रु ७७२३९३८ आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्यौंट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्यौंट हुनुपर्दछ ।

| सि.नं. | पेश्की लिनेको विवरण | पेश्की लिनुको उद्देश्य | आर्थिक वर्ष | म्याद नाघेको रु. | म्याद ननाघेको रु. | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| १ | पिपि निर्माण सेवा प्रालि / इश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि जे भि | आवासीय भवन निर्माण / खरिद | २०८०।८१ | ० | ७७२३९३८ | ७७२३९३८ |

४१ **सफ्टवेयर खरिदः**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । पालिकाले इन्धन सफ्टवेयर निर्माणको लागी अल्फा विटा इन्जिनियरिङ्ग प्रा.ली (६०३९४५२४५) सँग सम्झौता गरी रु ९९९८९ भुक्तानी गरेको छ। यस्ता सफ्टवेयर खरिद गर्दा सूचना प्रविधि विभागको स्वीकृति लिनु पर्दछ।

४२ **राजश्व अभिलेखः**

पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट विद्युतिय रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन ।पालिकाले आन्तरिक राजश्व रु २४४६२०९।३२ र अन्य राजस्व स्थानीय रु १५२६६०८।९४ गरि जम्मा रु ३९७२८१८।२६ आम्दानी देखाएको छ भने प्राप्त भएको राजस्व र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने पद्धतिको विकास भएको पाइएन। पालिकाले म.ले.प.फा.नं. १०१ देखी ११५ सम्मका फारामहरु प्रयोग गर्ने र पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने र सो को अद्यावधिक गर्दै आगामी दिनमा नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत अभिलेख व्यवस्थित गरिनुपर्दछ ।

४३ **कर संकलनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान रु ८०५३४४५२.३४ गरेकोमा असुली रु ३९७२८१८.२६ भएको छ ।जुन आय अनुमानको तुलनामा ४.९३ प्रतिशत हुन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ । विभिन्न शिर्षकमा असुलि गरेको विवरण निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | असुली |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | २,००,०००.०० | २४,८६२.३१ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ७,५०,०००.०० | ९,००,६०८.२४ |
| ३ | ११३१५ | घरजग्गा रजिष्टेशन दस्तुर | ०.०० | १,७१,११३.०० |
| ४ | ११३१७ | वहाल कर | १,४०,०००.०० | २,७७,५०१.५० |
| ५ | ११३१८ | वहाल विटौरी कर | २०,०००.०० | ०.०० |
| ६ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ५०,०००.०० | १३,८००.०० |
| ७ | ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | १०,०००.०० | ५,०००.०० |
| ८ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २०,०००.०० | ५,०००.०० |
| ९ | ११६९१ | अन्य कर | ७,००,०००.०० | १५,०००.०० |
| १० | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५,००,०००.०० | ३३,७५०.०० |
| ११ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १,००,०००.०० | ०.०० |
| १२ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ३०,००,०००.०० | ०.०० |
| १३ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ५०,०००.०० | ०.०० |
| १४ | १४२२१ | न्यायिक दस्तूर | १०,०००.०० | ४००.०० |
| १५ | १४२२४ | परीक्षा शुल्क | ५०,०००.०० | २६,०००.०० |
| १६ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २,००,०००.०० | १,५१,०००.०० |
| १७ | १४२४२ | नक्सापास दस्तुर | ५०,०००.०० | ४,८८७.७५ |
| १८ | १४२४३ | सिफारिश दस्तुर | ७,००,०००.०० | ६,५०,१२६.८३ |
| १९ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४,००,०००.०० | १,६१,७००.०० |
| २० | १४२४५ | नाता प्रमाणित दस्तुर | ५०,०००.०० | १४,२००.०० |
| २१ | १४२४९ | अन्य दस्तुर | १,००,०००.०० | २,७६,१६०.०० |
| २२ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४,००,०००.०० | ३७,५००.०० |
| २३ | १४२६५ | अन्य क्षेत्रको आय | १,००,०००.०० | ७४,७००.०० |
| २४ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २०,०००.०० | १,७२,०००.०० |
| २५ | १४५२९ | अन्य राजस्व | ७,२०,३४,४५२.३४ | ५,२९,८५९.६३ |
| २६ | १४६११ | व्यवसाय कर | २,००,०००.०० | ८९,४७३.०० |
| २७ | १५१११ | बेरूजू | ६,८०,०००.०० | ३,३८,१७६.०० |
| जम्मा | | | ८,०५,३४,४५२.३४ | ३९,७२,८१८.२६ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको

दायरामा ल्याउनु पर्दछ।

४४ **घर जग्गा बहाल करः**

गाउँपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले घर जग्गा वहाल कर शुल्क वापत रु २७७५०१ कर संकलन गरेको छ। गाउँपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

४५ **उपभोक्ता समितिको काममा म्याद थप सम्बन्धमाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति सँग कार्य गराउन सकिने व्यवस्था रहेको छ सोहि नियमावलीको नियम ९७(५) मा उपभोक्ता समितिलाई पेश्कि उपलब्ध गराउन सकिने तर उपभोक्ता समितिको काममा म्याद थप सम्बन्धी व्यवस्था नभएको अवस्थामा पनि निम्नानुसारका योजनाहरुमा उपभोक्ता समितिको काममा म्याद थप गरेको देखिएकोले कानुनमा नभएको व्यवस्था विपरित म्याद थप गर्नुलाई नियमित मान्न सकिएन।

| भौचर मिति | उपभोक्ता समितिको नाम | सम्झौता मिति | सक्नुपर्ने मिति | म्याद थप मिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १६।२०८१।३।१२ | आम्वोटे सिर डाडा वन्दीपुर सडक उ.स | २०८०।१०।७ | २०८०।१२।३० | २०८१।२।१५ | २९१०००० |
| १९।२०८१।३।२० | तामाजोर गोठडाडा सडक स्तरोन्नती उ.स | २०८०।११।३० | २०८१।२।१० | २०८१।३।१५ | २२७३७५९ |
| जम्मा | | | | | ५१८३७५९ |

४६ **पिपलखेल झोलुङ्गेपूल निर्माण उपभोक्ता समितिः**

२।२०८०।६।२४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा उपभोक्ता समितिवाट कार्य गराउन सकिने साथै उप नियम ४ मा उपभोक्ता समिति बाट कार्य गराई भुक्तानी दिदा जनसहभागिताको अंश कट्टा गरेर मात्र वील वमोजिमको भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले पिपलखेल झोलुङ्गेपूल निर्माण उपभोक्ता समिति सँग सम्झौता गर्दा २ प्रतिशत उपभोक्ताको अंश रहने गरी सम्झौता भएकोमा कामको मूल्याङ्कन गर्दा कूल काम रु ३४,२६,३१०।३२ मा २ प्रतिशत रु ६८,५२६।- कट्टा गरी रु ३३,५७,७८४।- भुक्तानी दिनुपर्नेमा कूल रु ५०,०००।- जनश्रमदान कट्टा गरी भुक्तानी दिएकोले उपभोक्ता समितिलाई बढि भुक्तानी हुन गएको रु १८,५२६।- असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,५२६ |

४७ **बाटो हेरालु नियुक्त सम्बन्धमा:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १३१ मा अधिकार प्राप्त अधिकारीमा निहित अधिकारहरु मध्ये केही अधिकार त्यस्तो अधिकारको जवाफदेहिता आफूमा रहने गरि अधिकार प्रत्यायोजन गर्न सकिने व्यवस्था रहेको छ। पालिका अन्तर्गत रहेका देहायका वडा कार्यालय आफैले बाटो हेरालु नियुक्त गरी भुक्तानीको लागी पालिकामा पठाएको देखिन्छ। यसरी पालिकाले नियुक्ति गर्नपर्नेमा वडा कार्यालयले नियुक्ति गरी बाटो हेरालु वापत रु ४,२१,७१६।- खर्च लेखेकोले वडा कार्यालयलाई नभएको अधिकार प्रयोग गरी लेखेको खर्च अनियमित देखिएको रु

| वडा नं | बाटो हेरालुको नाम | तलब भुक्तानी महिना | रकम |
|---|---|---|---|
| १ | जित बहादुर स्याङतान | असार श्रावण भाद्र | ४७००० |
| | सानिमाया दमाई | पुष देखि आषाढ सम्म | ३२१६ |
| ३ | सुरेन्द्र वाइवा | असार श्रावण भाद्र | ४७५०० |
| ४ | रेवती माया श्रेष्ठ | असार श्रावण भाद्र असोज | ६२००० |
| | कृष्ण कुमार वाईवा | श्रावण भाद्र असोज जेठ र असार | ७६००० |
| | बलराम वाईवा | असार श्रावण भाद्र | ४५००० |
| ५ | गोपीलाल सिजाली | असार श्रावण भाद्र | ४७००० |
| | धन बहादुर आले | असार श्रावण भाद्र | ४७००० |
| | धन बहादुर स्याङतान | असार श्रावण भाद्र | ४७००० |
| जम्मा | | | ४२१७१६ |

| | |
|---|---|
| अनियमित भएको | ४,२१,७१६ |

४८ **फरक दरः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (९) मा लागत अनुमान तयार गर्दाको अवस्थामा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख रहेछ भने त्यस्ता मेशिन प्रयोग गर्न सार्वजनिक निकायबाट सहमति लिन पर्ने व्यवस्था रहेको छ साथै ९७ ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्रविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ ।लागत अनुमान अनुसार नै प्राविधिक मूल्याङ्कन र नापजाँच गरी भुक्तानी भएता पनि निम्नानुसारका उपभोक्ता समितिको योजनामा एक्जाभेटर प्रयोग गरी कार्य गरेको देखिन्छ ।जिल्ला दररेट अनुसार उक्त एक्जाभेटरको प्रति घण्टा इन्धन सहित रु ५५८४.४६ रहेकोमा उपभोक्ता समितिले पेश गरेको बिल परिक्षण गर्दा प्रति घण्टा जिल्ला दररेट भन्दा बढीको बिल पेश गरेको पाइयो । जसका केही उदाहरण निम्नानुसार छन ।

| गो भौ नंर मिति | काम | बिल अनुसारको घण्टा | प्रति घण्टा जिल्ला दररेट अनुसार | विल अनुसारको दररेट | फरक दर | फरक रकम |
|---|---|---|---|---|---|---|
| ८२।२०८१।१। २७ | कालिखोला आहाले सडक निर्माण | ४८ | ५५८४.४६ | ५८७६ | २९१.५४ | १३९९३ |
| ९६।२०८१।२। १३ | हर्राबोट रामपुरडाँडा सडक निर्माण उपभोक्ता समिति | ७९.७ | ५५८४.४६ | ५८७६ | २९१.५४ | २३२३६ |
| ११८।२०८१। ३।१९ | श्री जनप्रेमी आधारभूत विद्यालय खोलागाउँ | ७० | ५५८४.४६ | ६७८० | ११९५.५४ | ८३६८८ |

४९ **शाहि ठाकुर आधारभुत विद्यालय रातु चैनपुरः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१,३९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५० **पाइप खरिदः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **६०,९९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१६१,८११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१८** को निर्णयले रू **१२,४४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५१ **बढी भुक्तानीः**

**६३।२०८०।११।२९** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपभोक्ता समितिले सम्पन्न गरेको निमार्ण कार्यको भुक्तानी दिदा कार्यस्वीकार/कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएबमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले रातु गुरासे फलामे पुल निर्माण उपभोक्ता समितिलाई गुरासे फलामे पुल निर्माण वापत भुक्तानी दिदा कार्यसम्पन्न प्रतिवेदन मूल्य रु ५२९६९९.०७ मध्ये जनश्रमदान रु ४८५३७.८९ घटाएर बाँकी रकम रु ४८११६१.१८ मात्र भुक्तानी दिनुपर्नेमा रु ४८५००० भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८३९ |

५२ **स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्तीः**

पालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | | सेवाग्राहीको संख्या |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| स्वास्थ्य चौकी | ५ | ३० | १० | २३ | १३६०८ |
| सामुदायिक स्वास्थ्य इकाइ | ५ | १० | ० | ५ | |
| जम्मा | १० | ४० | १० | २८ | |

उक्त विवरण अनुसार पालिकामा जम्मा स्वास्थ्य चौकी ५ र सामुदायिक स्वास्थ्य इकाइ ५ गरी १० स्वास्थ्य संस्था रहेका छन । स्वास्थ्य चौकी मा कुल ३० दरबन्दी रहेकोमा हाल १० पद स्थायी र २३ पद करार मार्फत र सामुदायिक स्वास्थ्य इकाइ मा कुल १० दरबन्दी रहेकोमा हाल ५ पद करार मार्फत पुर्ती गरी यस वर्ष १३६०८ जना सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

५३ **दाखिला प्रमाणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय सञ्चितकोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाले गाउपालिकाबाट तलब भत्ता खाने गरी नियुक्त गरेका स्वास्थ्य तर्फका ७ जना कर्मचारीको मासिक १३२२५० का दरले कात्तिक देखि असार सम्म बैशाख बाहेक ८ महिनाको रु १०५८००० र पोशाक ७०००० समेत रु ११२८००० र अस्पताल तर्फका ३ जना कर्मचारीको जेठ र असार २ महिनाको मासिक ८६७१० का दरले १७३४२० समेत रु १३०१४२० संघिय सशर्तबाट खर्च लेखेको देखिएकोले पालिका तर्फबाट तलब भत्ता खाने कार्मचारीलाई संघीय सशर्तबाट तलब भत्ता खुवाउन नमिल्ने देखिएकोले उक्त खर्च रकम पालिकाले संघिय सञ्चितको दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,०१,४२० |

५४ **औषधी खरिद सम्बन्धमाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उप नियम १(क) मा २५ लाख रुपैया सम्मको औषधी जन्य मालसामान नेपालमा उत्पादित उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्रि मूल्यमा सोझै खरिद गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ। पालिकाले टेण्डरबाट औषधी खरिद गर्न औषधीको लागत अनुमान रु ३४,९७,३६७।- तयार गरी सूचना प्रकाशन गरी सबैभन्दा कम दररेट पेश गर्ने मेरिगोल्ड इन्टरनेशनल प्रा.ली भक्तपुर ले पेश गरेको दररेट अनुसार निजबाट रु ९,६८,२८६।- औषधी खरिद गरि भुक्तानी दिएको छ। बाँकि रहेको रकममा पुनः पालिकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ वमोजिम पालिकाका स्वास्थ्य इकाई, बर्थिङ्ग सेन्टरमा औषधी जन्य सामाग्री खरिद गर्न ३ वटा कोटेशन लिई सबैभन्दा कम दररेट पेश गर्ने मानसरोबर मेडिहेल्थ प्रा.ली लाई रु ११,२७,६९०।- भुक्तानी दिएकोमा पालिकाले टेण्डर तथा कोटेशन विधि मार्फत रु २०,९५,९७६।- औषधी खरिद गरेको छ। यस बाट आपूर्ति हुने औषधी डब्लु एच ओ सटिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं, म्याद समाप्त हुने मिति उल्लेख गरी सम्बन्धित वीज्ञ बाट मुचुल्का उठाई राख्ने नगरेको, आपूर्ति भएका औषधी एवम सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशिपिकेशनको अनुसार भए नभएको नखुलाएका कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन हुन सकिएन। औषधी खरिदको आपूर्ति दाखिला तथा खर्चको विवरण अध्यावधिक हुने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकि रहेको औषधीको जिम्मेवारी सारी अभिलेख व्यवस्थित गरिनुपर्दछ ।

५५ **प्रमाणः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-९** को निर्णयले रू **८,१५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५६ **कोदो प्रवर्द्धन कार्यक्रमः**

कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को परिच्छेद ३ को दफा १०(१) मा पूजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माणको हकमा कुल लागतको बढीमा ८० प्रतिशत तथा चालु प्रकृतिका उत्पादन सामाग्री खरिदमा बढीमा ५० प्रतिशत सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिने कुरा उल्लेख छ। तर पालिकाले देहायका कृषक समूहलाई कोदो चुट्ने मेशिन अनुदान दिदा ५० प्रतिशत अनुदान दिनुपर्नेमा शत प्रतिशत अनुदान दिएकोले ५० प्रतिशत बराबरको रकम सम्बन्धितबाट असुल गरि प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु

| सि.नं. | नाम | जम्मा रकम | ५० प्रतिशत | ५० प्रतिशत |
|---|---|---|---|---|
| १ | कोल्टार कृषक समूह वडा नं १ | ७०००० | ३५००० | ३५००० |
| २ | दुनिभन्ज्याङ समूह | ७०००० | ३५००० | ३५००० |
| ३ | लागराम कृषक समूह | ७०००० | ३५००० | ३५००० |
| ४ | बछिउटार कृषक समूह | ७०००० | ३५००० | ३५००० |
| ५ | सुकाचुरी कृषक समूह | ७०००० | ३५००० | ३५००० |
| ६ | झरना कृषक समूह | ७०००० | ३५००० | ३५००० |
| जम्मा | | ४२०००० | २१०००० | २१०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१०,००० |

५७ **सामाजिक सुरक्षा कोष कट्टीः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र र संघीय सरकार, अर्थ मन्त्रालयको मिति २०७९/१/२१ को परिपत्र अनुसार अस्थायी/करार सेवामा कार्यरत कर्मचारीलाई उपलब्ध गराउने थप सेवा/सुविधा बारे उल्लेख गरिएको छ । कार्यपालिकाको मिति २०७९/५/१२ को निर्णयानुसार सामाजिक सुरक्षा कोष ऐन, २०७४ तथा सामाजिक सुरक्षा संचालन कार्यविधि, २०७५ तथा संघीय सरकारको आर्थिक बर्ष २०७७/७८ बजेट वक्तव्यको बुँदा नं. २८६ को व्यवस्थालाई आधार लिई पालिकामा कार्यरत करार सेवाका कर्मचारीको तलबबाट ११ प्रतिशत रकम कट्टा गरी उक्त रकममा तलबको २० प्रतिशत रकम पालिकाले थप गरी हुन आउने तलबको ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा दाखिला गरेको छ । पालिकाले यस बर्ष करारमा कार्यरत १७ जना कर्मचारीलाई पालिकाको तर्फबाट भुक्तानी दिएको २० प्रतिशत सामाजिक सुरक्षा कोषको रकम रु ११६३०६४। प्रचलित कानूनी व्यवस्था एवं संघीय र प्रदेश सरकारले अवलम्वन गरेको अभ्यास अनुकुल समेत देखिएन । जुन आन्तरिक आयको २९.२७ प्रतिशत हुन आउन्छ। त्यसैगरी पालिकाले यस्तो निर्णय गर्दा संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तह समेतलाई पार्न सक्ने आर्थिक दायित्व र ती निकायहरुको क्षमता समेतका आधारमा विश्लेषण हुनुपर्दछ। त्यसैले उक्त खर्च सम्बन्धमा पालिकाले आधार पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,६३,०६४ |

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको बिकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रम संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको बार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ । पालिकामा यस वर्ष सुचिकृत बेरोजगार ६३७ जना मध्ये ८० जनाले यस आ.व. मा पालिका अन्तर्गतका ५ वटा वडामा १९ वटा कार्यक्रम सञ्चालन भई रू ५४०६००० - खर्च भएको र ३ जना कर्मचारीहरुलाई पोशाक खर्च बापत रु ३० हजार र ३ जनाको तलब भत्तामा रु १३२६२२८ खर्च भएको छ । सञ्चालित योजनाको संख्या तथा रोजगार दाताको व्यहोराहरु निम्नानुसार छन् ।

| वडा नं | कार्यक्रम / योजना संचालन | रोजगार संख्या | कुल भुक्तानी रकम कर बाहेक |
|---|---|---|---|
| १ | ४ | १६ | १०८००६३ |
| २ | ६ | २१ | १३७४२९३ |
| ३ | ४ | १३ | ८२९७५७ |
| ४ | १ | १४ | ९५१७९९ |
| ५ | ४ | १६ | १०५५८६३ |
| जम्मा | | ८० | ५२९१७७५ |

यसरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ वमा रु ५४०६००० खर्च भएको देखिन्छ। निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाइ रोजगारी दिनुपर्दछ ।

५९ **पदाधिकारी पोशाक सुविधाः**

९९।२०८०।६।२९ बाग्मती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन , २०७५ को दफा (३) बमोजिमको सुविधा दिनसक्ने व्यवस्था छ ।उक्त सुविधा सम्बन्धी ऐनमा पदाधिकारीलाई पोशाकको व्यवस्था गरेको देखिदैन । पालिकाले कार्यपालिकाको जनप्रतिनिधिको लागि मिति २०८०।३।२२ मा अगम कन्ट्रक्शन एण्ड सप्लायर्स प्रा लि

बाट कार्यपालिकाको जनप्रतिनिधिको लागि पोशाक साडी थान ११ र सर्ट पाइन्ट कोट सर्ट १७ थान गरी खरिद गरी रु ३०३९७० भुक्तानी दिएको देखिन्छ ।जनप्रतिनिधिहरुलाई पोशाक उपलब्ध गराउने कानूनी आधार पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०३,९७० |

६० **अतिरिक्त पारिश्रमिक सुविधाः**

५४९।२०८१।३।२२ वागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ क मा गाउँपालिकाका पदाधिकारीहरुले पाउने सेवा सुविधा सम्बन्धी व्यवस्था छ ।पालिकाको १५ औ गाउँसभा अधिवेशन तथा नीति तथा कार्यक्रम र बजेट निर्माण प्रक्रियामा संलग्न रहि कार्य गरे वापत गाउँसभाको मिति २०८१।३।१० को निर्णय नम्वर ७ बमोजिम ७ जना पदाधिकारीहरुलाई रु १२७५०० तथा ७ जना कर्मचारीहरुलाई रु २२७४५४ एक महिना बराबरको अतिरिक्त पारिश्रमिक सुविधा उपलब्ध गराएको देखिएको छ । यसरी नियमित कार्यमा अतिरिक्त व्ययभार पर्ने गरी खर्च लेख्नु उचित देखिएन।

६१ **बन्दीपुर गोपे मझुवा सडकः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१६०,८४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६२ **परामर्श सेवाको भुक्तानि सम्बन्धमाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले कुनै व्यक्ति, फर्म वा संस्था सँग परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाले चौकिडाडामा औद्योगिक ग्रामको विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) तयार गर्न जेनिश कन्सल्टेन्ट एण्ड कन्ट्रक्सन प्रा.ली सँग ४५ दिन भित्रमा काम सक्ने गरी मिति २०७९।१२।१ मा रु ११,९८,०००।- सम्झौता भएको देखिन्छ। निज प्रा.ली ले अन्तिम भुक्तानीको लागी मिति २०८०।३।२४ मा निवेदन दिएको छ। कहिले कार्य सम्पन्न भएको सो कुरा उल्लेख भएको देखिएन। निजले पुनः १ वर्ष पछि मिति २०८१।३।२३ मा भुक्तानीको लागि निवेदन दिएकोमा पालिकाले भौचर नम्बर १३३ मिति २०८१।३।२४ मा रु ११,८८,०००।- भुक्तानी दिएकोमा के कारणबाट भुक्तानी ढिला भएको हो, म्याद थप, कार्य सम्पन्न, खरिद सम्झौता गर्दाको शर्तहरु पूरा भए भएन सो सम्बन्धमा एकिन हुन सकिएन रु

| | |
|---|---|
| अनियमित भएको | ११,८८,००० |

६३ **चन्दनपुर सल्ले केरावारी गैरी भैसे सडक सम्बन्धमा :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा खरिद सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायी लाई करारको शर्तनामा वमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले संघीय समपुरक योजना बाट चन्दनपुर सल्ले केरावारी गैरी भैसे वस्तीपुर सडक निर्माण गर्न दुवे धनामाया निर्माण सेवा सँग रु १,५१,८८,३००।७१ मा मिति २०८१ बैशाख सम्म काम सक्ने गरी मिति २०८०।७।१७ मा सम्झौता भई कार्यदेश दिएकोमा निजलाई अन्तिम वील भुक्तानी गर्दा वि.ओ.क्यू को पि.एस र जव मा कूल रकम रु २,६०,०००।- भुक्तानी गर्नुपर्नेमा निजलाई रु ३,१९,१४७।- भुक्तानी भएको देखिएकोले वि.ओ.क्यू मा पेश गरेको रकम भन्दा बढी भुक्तानी भएको रु ५९,१४७।- असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,१४७ |

६४ **लागत अनुमान अद्यावधिक नगरेको सम्बन्धामाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १५ उपदफा १ मा स्वीकृत भएको लागत अनुमान अनुसार खरिद कार्य नभएमा सार्वजनिक निकायले यस नियमावलीको प्रक्रिया अपनाई प्रत्येक आर्थिक वर्ष यस्तो लागत अनुमान अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। साथै उपदफा २ मा लागत अनुमान अद्यावधिक नगरी सार्वजनिक निकायले सिलबन्दी दरभाउपत्र र वोलपत्र आह्वान गर्न वा परामर्श सेवाको प्रस्ताव माग गर्न नपाउने व्यवस्था छ। तर पालिकाले ०७९।८० मा सडक बोर्ड र पालिकाको साझेदारीमा गरिने सडक मर्मत संभार सम्बन्धी कार्यका लागी आर्थिक वर्ष २०७९।८० मा कायम भएको दररेटका आधारमा रु १८,६५,५१५।८१ लगत इस्टिमेन्ट

गरी सडक बोर्डमा पठाइ सोहि बमोजिम स्वीकृत दिएको देखिन्छ। उक्त काम छोटो समय र बर्षादको कारणले कार्य सम्पन्न नभएको कारण खुलाई पालिकाले म्याद थपको लागी सडक बोर्ड लाई मिति २०८०।३।२४ मा निवेदन दिएकोमा सडक बोर्ड कार्यकारी समितिको मिति २०८०।६।२ गते बसेको १९० औँ बैठकले २०८० मङसिर मसान्त सम्म म्याद थप गरेको छ। सोहि बमोजिम पालिकाले हायुटारचोक देखि नेपाल एस.बी.आई बैक सम्म सडक मर्मत गर्न उपभोक्ता समिति गठन गरि मिति २०८०।८।२० मा कार्य सम्पन्न गर्ने गरि आर्थिक वर्ष २०७९।०८० मा नै तयार गरेको लगत इस्टिमेट रु १८,६५,५१५।८१ मा मिति २०८०।७।२२ मा सम्झौता गरेको छ। यसरी नियमावली वमोजिम लागत अनुमान अद्यावधिक नगरी हायुटारचोक देखि नेपाल एस.बी.आई बैक सम्म सडक मर्मत उपभोक्ता समितिले गरेको कामको मूल्याङकन आर्थिक वर्ष २०७९।०८० को दर रेटका आधारमा गरी मिति २०८०।८।२५ मा कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ।अतः जुन आर्थिक वर्षमा काम भएको हो सोहि वर्षको दररेट का आधारमा कामको नापजाच गरी मूल्याङकन गर्नुपर्नेमा त्यसो नगरी आर्थिक वर्ष २०७९।०८० मा निर्धारण गरेको दररेटका आधारमा कामको मूल्याङकन गरी भौचर नम्बर २ र १२ बाट क्रमश रु १२,०६,७५९।- र रु ३,१४,८१४।- गरी जम्मा रु १५,२१,५७३।- भुक्तानी गरेको रकम नियमित सम्मत नदेखिएको रु

| अनियमित भएको | १५,२१,५७३ |
|---|---|

६५ **सेफ हाउस निर्माण सम्बन्धमा :**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१०,७६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६६ **एज विल्ड नक्सा सम्बन्धमाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा खरिद सम्झौतामा निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र निर्माण व्यवसायीले निर्माण भए वमोजिमको एज विल्ड नक्सा सार्वजनिक निकायमा पेश गर्नपर्ने व्यवस्था रहेको छ। निम्नानुसारका निर्माण व्यवसायीले खरिद सम्झौताको जि.सि.सि. ७१.२ मा एज विल्ड ड्रोइङ नक्सा पेश गर्ने गरी सम्झौता भई वि.ओ.क्यूमा समेत उल्लेख भएको एज विल्ड नक्सा पेश नभई भुक्तानी भएकोले खरिद सम्झौता बमोजिम एज विल्ड ड्रोइङ प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु

| सि नं | भौ.नं. मिति | काम | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १२४।२०८१।३।२३ | चन्दनपुर सल्ले केरावारी सडक | दुवे धनमाया निर्माण सेवा | ४०००० |
| २ | १३।२०८१।२।२५ | स्वास्थ्य इकाई केन्द्र निर्माण वडा नं ३ | चम्पादेपी प्रदिका कन्ट्रक्सन | ४०००० |
| ३ | ४१।२०८१।३।२३ | बन्दीपुर गोपे मझुवा सडक | दुवे धनमाया निर्माण सेवा | ४०००० |
| ४ | ४०।२०८१।३।२३ | राम भेडे जुगेपानी सडक | दुवे धनमाया निर्माण सेवा | ४०००० |
| जम्मा | | | | १६०००० |

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | १,६०,००० |
|---|---|

६७ **पालिकाको प्रशासकीय भवन सम्बन्धमाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वोलपत्रको माध्यामबाट खरिद गर्न सकिने व्यवस्था रहेको छ। पालिकाको प्रशासकीय भवन निर्माण सम्बन्धमा देखिएको व्यहोरा

निम्नानुसार रहेका छन।

६७.१ (क) पालिकाको प्रशासकीय भवन निर्माणका लागी मूल्य अभिबृद्धि कर सहित रु ५,७७,८९,०३७।१३ मा मिति २०८१।५।३० गते कार्य सम्पन्न गर्ने गरी मिति २०७९।५।३१ मा निर्माण व्यवसायी पी.पी/इश्वरी जे.भी सँग सम्झौता भई कार्यादेश दिएकोमा गाउँ कार्यपालिकाको मिति २०७९।१२।१० मा बसेको बैठकले निर्माण कार्य गर्दा जोखिम हुने भएकोले भेरिएशन आदेश गर्नपर्ने गरी निर्माण भए अनुसार कार्य शुरु नहुदै मिति २०८०।१।१३ मा शुरु सम्झौतामा २.५३ प्रतिशत घटी हुने गरी भेरिएशन पछिको नयाँ सम्झौता अनुसार रु ५,६३,२६,०९५।२९ कायम भएकोमा निर्माण कार्य शुरु नहुदै मिति २०७९।५।३१ मा सम्झौता भई कार्यादेश दिएको अवस्थामा पालिकाले मिति २०८०।१।१३ मा निर्माण कार्यको भेरिएशन गरेको देखिएको छ। जसको कारण निर्माण कार्यमा विलम्ब हुन गएको छ। खरिद सम्झौता र खरिद ऐन तथा नियमावली बमोजिम तोकिएको समयमै कार्य सम्पन्न गराउनु पर्दछ।

६७.२ (ख) निर्माण व्यवसायीलाई मिति २०७९।६।९ मा रु ५०,००,०००।- र मिति २०७९।१०।१३ मा रु ५०,००,०००।- गरी रु १ करोड पेश्कि दिएकोमा निर्माण व्यवसायीले एक वर्ष पछि अर्थात भौचर नम्बर ४ मिति २०८०।६।२२ मा प्रथम वील पेश गरेको छ। पेश्कि लिएको एक वर्ष सम्म कुनै वील पेश नगरी मोविलाइजेशन रकम प्रयोग गरेको देखिन्छ।

६७.३ (ग) सोहि नियमावलीको नियम ११९ मा मूल्य समायोजन दिन सकिने व्यवस्था साथै निर्माण व्यवसायी सँग सम्झौता गर्दा मूल्य समायोजनको प्रावधान रहेता पनि निर्माण व्यवसायीले भौचर नम्बर ४ मिति २०८०।६।२२ मा प्रथम रनिङ्ग वीलमा रु २,९१,२५८। ३१ भुक्तानी दिएकोले निर्माण व्यवसायीले कार्य नगरी मूल्य समायोजन दिएकोमा नियम सम्मत देखिएन रु

| | |
|---|---|
| अनियमित भएको | २,९१,२५८ |

६७.४ (घ) निर्माण व्यवसायीलाई मिति २०८१।११।३० सम्म म्याद थप भएको छ भने आर्थिक वर्ष २०८०।०८१ को अन्तिम सम्म भौतिक प्रगति ३३.१७ प्रतिशत भएको छ।

६८ **दुर सञ्चार सम्बन्धमाः**

२०८१।३।२४ ग्रामीण दुर सञ्चार विकास प्रयोग गरी पालिका भरका सामुदायिक आधारभुत विद्यालय,स्वास्थ्य चौकि र वडा कार्यालयहरुमा ब्रोडव्याण्ड इन्टरनेट पुर्‍याउन नेपाल दुर सञ्चार प्राविधिकरण र पालिका बिच मिति २०७८।२।१२ मा सम्झौता भई सम्झौता बमोजिम पालिकाले सो को काम गर्नका लागी एरोनेट प्रा.ली लाई गत वर्ष दिएको पेश्कि रु ९,५८,८९७।- फर्स्यौंट गरी यस आर्थिक वर्षमा रु ९,००,२२५। -भुक्तानी दिएको देखिन्छ। पालिका र एरोनेट वीच भएको सम्झौता पेश हुन नसकेकोले गत वर्ष सम्म कति भुक्तानी भयो र यस वर्ष रु ९,५८,८९७।- पेश्कि फर्स्यौंट गरी रु ९,००,२२५।- भुक्तानी सम्बन्धमा एकिन हुन सकिएन यस सम्बन्धमा पालिकाले आफै हिसाव गरी एकिन गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,००,२२५ |

६९ **कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रमः**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु ५ करोड ७१ लाख ४२ हजार ८७५ को लागत साझेदारीमा मिति २०८३।०३।१६ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९।८।२१ मा सम्झौता भएको छ र सम्झौताको अवधि मिति २०७९।९।१७ देखि लागु भएको छ। कुल लागत मध्ये ७० प्रतिशतले हुने रकम रु ४ करोड पालिकाले र बाँकी हुने रकम रु १ करोड ७१ लाख ४२ हजार ८७५ हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत पालिकाबाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु ८१,४७,०००।- भुक्तानी

भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन । पालिका र हेफर प्रोजेक्ट नेपाल नामक गैर सरकारी संस्था सँग देहायका उद्देश्य राखी मिति २०८३।०३।१६ सम्म कार्य अवधि रहेको कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम संचालन गर्न कुल बजेट रु ५ करोड ७१ लाखको ४२ हजार ८७५ को ७० प्रतिशतले हुने रु ४ करोड पालिकाले व्यहोर्ने र बाँकि ३० प्रतिशतले हुने रु १ करोड ७१ लाख ४२ हजार ८७५ हेफर प्रोजेक्टले व्यहोर्ने गरि मिति २०७९।०८।२१ मा सम्झौता भएको पाइयो।

• आवद्ध लाभग्राहिलाई स्वालम्बी समूहहरु तथा सहकारीमा आवद्ध गर्दै सामाजिक पूँजिको अभिवृद्धि गर्नु,

• व्यवसायिक कृषि तथा तरकारी उपजहरुको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्न तथा बजार व्यवस्थापनमा सुधार गर्नु,

• सुधारिएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुशरणबाट बाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि र बजार व्यवस्थापनमा सुधार गर्नु,

• बाख्रा विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेको छ। सो परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वियनको जिम्मेवारी ३० प्रतिशत अंश व्यहोर्ने हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात पालिका अन्तर्गत कृषि तथा पशुहरुको गुणस्तर सुनिश्चितता गर्ने गरी सम्झौता गरी कार्य गरेकोमा पालिकाले सो प्रोजेक्टको नाममा आर्थिक बर्ष २०८०।८१ मा रु ८१,४७,०००।- खर्च लेखेको छ। परियोजनाको सम्झौता सो को कार्यन्वयनको अवस्था कार्य सञ्चालन गरेको विधि र प्रक्रिया स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना भएको देखिएन। यस सम्बन्धमा व्यहोरा निम्नानुसार रहेका छन।

६९.१ (क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक नीजि साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था भए पनि गैर सरकारी संस्था सँग स्थानीय तहले खर्च व्यहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन। स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २५ बमोजिम गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैर सरकारी संस्थावाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सबलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य छिटो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ वमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। सो नियमावलीको नियम ९९ मा गैर सरकारी संस्थाबाट दश लाख रुपैया सम्मको काम गराउनको लागी त्यस्तो कामको आवश्यकता , कामको गुणस्तर, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त तयार गरी कम्तीमा १५ दिनको अवधिको सूचना मार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्था सँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन मा स्थानीय तहले खर्च व्यहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैर सरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि तथा पशु उद्यमशीलता परियोजना सञ्चालनका लागि पालिकाले लागतको ७० प्रतिशत खर्च रु ४ करोड व्यहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपाल सँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्र सँग अमिल्दो तथा सोहि नियमावलीको नियम ९९(८) मा दश लाख रुपैया भन्दा वढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नुपर्नेमा सो समेत गरेको देखिएन।

६९.२ (ख) योजना तथा कार्यक्रमका लागि बजेट तयार गर्दा बढी प्रतिफल वा उपलब्धी प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय श्रोत,साधन र सीपको अधिकतम प्रयोग हुने, योजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्दछ। योजना सञ्चालनको दोस्रो वर्षमा पालिकाको ७० प्रतिशतमा पशु खरिद तथा ढुवानीमा रु ५४ लाख ८६ हजार ५ सय, वागवानी तथा ढुवानीमा रु १६ लाख १४ हजार, कृषि सामाग्री तथा यन्त्रमा रु ४३ लाख , तालिममा रु २५ लाख ३५ हजार तथा प्राविधिक सेवा तथा मूल्याङकनमा रु १४ लाख ६४ हजार ५ सय गरी रु १ करोड ५४ लाख विनियोजन गरिएकोमा पशु खरिद तथा ढुवानीमा रु १९ लाख ३६ हजार , वागवानी तथा ढुवानीमा रु २ लाख ५७ हजार, कृषि सामाग्री तथा यन्त्रमा रु ४८ लाख ४७ हजार , तालिममा रु ८ लाख ४३ हजार तथा प्राविधिक

सेवा तथा मूल्याङ्कनमा रु २ लाख ६३ हजार गरी जम्मा रु ८१ लाख ४७ हजार खर्च गरेको छ। पालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक लगायतका विषयगत क्षेत्र हेर्ने संगठनात्मक संरचना र जनशक्ति रहेको अवस्थामा पालिकाले आफै सो परियोजना सञ्चालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मूल्याङ्कन नै नगरी कार्य गैर सरकारी संस्थाबाट गराउनु जवाफदेही र औचित्यपूर्ण रहेको पुष्टि हुन सकेन। हेफर प्रोजेक्टले सो परियोजनाका लागी ३० प्रतिशत खर्च व्यहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रममा संचालन सँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहेकोले सो खर्चको मितव्ययिता र दक्षता बिश्लेषण गर्न सकिएन।

६९.३ (ग) हेफर प्रोजेक्ट सँग यस वर्ष विभिन्न शिर्षक अनुसार खर्च गर्ने गरी कृषि समाग्री तथा यन्त्रमा रु ४३ लाख विनियोजन गरेको छ तर हेफरलाई रु ४८ लाख ४७ हजार खर्च गरेको प्रतिवेदन पेश गरी भुक्तानी गरेकोले विनियोजन भन्दा बढी रु ५ लाख ४७ हजार खर्च लेखेको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,४७,००० |

६९.४ (घ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा कुनै फर्म, संस्था वा कम्पनिलाई पेश्कि दिँदा प्रचलित कानुन वमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था विपरित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम संचालनार्थ हेफर प्रोजेक्ट नेपाललाई सम्झौताको सि.नं. ७.२.२ वमोजिम पेश्कि दिएको पाइयो। सम्झौताको उक्त दफामा पहिलो पक्ष पालिकाले दोस्रो पक्ष हेफर प्रोजेक्ट नेपाललाई पहिलो किस्तामा कुल रकमको २५ प्रतिशत, दोस्रो किस्तामा ५० प्रतिशत र तेस्रो किस्तामा २५ प्रतिशत रकम निकासा गर्ने उल्लेख छ। वर्षान्तमा पेश्कि बाँकि नरहेता पनि जमानत वेगर पेश्कि दिँदा सो को अन्यत्र प्रयोग हुन नपाउने गरी पेश्किका लागी छुट्टै बैंक खाता नखोली पेश्कि उपलब्ध गराएको र मासिक रुपमा खर्चको फाटवारी र बैंक स्टेटमेण्ट लिएको पाइएन। आर्थिक कार्यविधि कानुनको प्रावधान विपरित जमानत बेगर पेश्कि दिन मिल्ने व्यहोरो सम्झौतामा राखी स्वीकृत गर्ने र कानूनी व्यवस्था सँग वेमल हुने गरी सम्झौता गर्दा पेश्कि रकमको सुरक्षण हुने देखिएन। सम्झौता गर्दा पेश्किको सुरक्षण हुने गरी गरिनुपर्दछ।

६९.५ (ङ) सम्झौताको सि.नं. ७.२.४ मा आयकर निर्देशिका २०६६ अनुसार भुक्तानीमा अग्रिम कर कट्टी गरी सो को दाखिला गर्ने जिम्मेवारी दोस्रो पक्षको हुने भन्ने र दोस्रो पक्षलाई सम्झौतामा उल्लेखित किस्ता रकम अग्रिम कर कट्टी नगरी उपलब्ध गराउनुपर्ने छ भन्ने व्यवस्था अनुरुप हेफर प्रोजेक्ट लाई यस वर्ष रु रु ८१,४७,०००।- खर्च गरेकोमा विभिन्न मितिमा रु ५० लाख पेश्किको रुपमा उपलब्ध गराएकोमा के कुन विषयमा अग्रिम कर कट्टा गरेको छ सो को विवरण पेश हुन सकेन।

(च) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख सम्म लागत अनुमान भएको जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्न सकिने व्यवस्था रहेको छ। हेफर प्रोजेक्ट लाई दिएको रकममा पशु खरिद तथा ढुवानीमा रु १९,३६,०००।-, वागवानी तथा ढुवानीमा रु २,५७,०००।-, कृषि सामाग्री तथा यन्त्रमा रु ४८,४७,०००।-, तालीममा रु ८,४३,०००।- र प्राविधिक सेवा तथा मूल्याङकनमा रु २,६४,००।- गरी रु रु ८१,४७,०००।- खर्च गरेकोमा खरिद तथा ढुवानीमा खर्च गरेको विवरण पेश गरेकोमा कति सामाग्री खरिद गरिएको हो सो खरिद गर्दा सार्वजनिक खरिद नियमावली प्रयोग गरेको पाइएन।

६९.६ (छ) कर सम्बन्धमाः आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम सेवा शुल्क भुक्तानिमा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उद्यमशीलता परियोजनाका लागी यो बर्ष हेफर प्रोजेक्ट लाई रु ८१,४७,०००।- खर्च लेखेकोमा हेफर प्रोजेक्ट नेपालले मूल्य अभिवृद्धि कर जारी नगरेको अवस्थामा ऐन बमोजिम लाग्ने १५ प्रतिशतका दरले कर कट्टा नगरी भुक्तानी दिएको छ।

७० **विद्यालय र विद्यार्थी संख्याः**

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० चैत्रको विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
| --- | --- | --- | --- |
| १ | सामुदायिक विद्यालय | ३६ | ३७२५ |
| २ | संस्थागत विद्यालय | १ | ९२ |
| | **जम्मा** | **३७** | **३८१७** |

उपरोक्त विवरण अनुसार पालिकाभित्रका ३७ विद्यालयमा जम्मा विधार्थी संख्या ३८१७ रहेकोमा ९७.६ प्रतिशत सामुदायिक र २.४ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

७१ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्तीः**

आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ३६ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
| --- | --- | --- | --- | --- |
| सामुदायिक | ११७ | ४६ | ७१ | ३ |

उक्त विवरण अनुसार पालिकामा जम्मा ११७ दरबन्दी रहेकोमा ४६ जना स्थायी पदपूर्ती र ७१ जना राहत/करारमा नियुक्त गरी जम्मा ११४ पदपूर्ती गरेको देखिन्छ भने ३ पद रिक्त रहेको छ ।पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७२ **शिक्षक विद्यार्थि अनुपातः**

शिक्षा विभाग शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा गरिएको व्यवस्था अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार २०८० चैत्रमा शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| सिनं | विद्यालयकोनाम | शिक्षकसंख्या | विद्यार्थीसंख्या | शिक्षकविद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | मावि अमले | १५ | २३४ | १:१६ |
| २ | आविदेवीस्थान भञ्ज्याङ्ग | १ | १४ | १:१४ |
| ३ | आधारभुतविद्यालय टुनिभञ्ञाङ | ७ | ९१ | १:१३ |
| ४ | गणेश आविराँगेचौर | ३ | ४५ | १:१५ |
| ५ | सरस्वतीआवि सुकाचुरी | २ | ४३ | १:२१ |
| ६ | आवि पटबाँस | ३ | ३१ | १:१३ |
| ७ | आविबच्छ्युटार | २ | २२ | १:११ |
| ८ | मावि मरीणहायुटार | १६ | ५१४ | १:३२ |
| ९ | शारदा माविभैसे | ८ | २५२ | १:३१ |
| १० | जनजागृतआवि बस्तीपुर | ३ | ४६ | १:१५ |
| ११ | कन्या आविकेराबारी सल्ले | २ | २२ | १:११ |
| १२ | जनप्रेमीआवि खोलागाउँ | २ | २२ | १:११ |
| १३ | नेत्राकालीमावि तामाजोर | १४ | ३८६ | १:२८ |
| १४ | प्राविलप्से भञ्ज्याङ्ग | ३ | ६८ | १:२३ |
| १५ | जनप्रेमीआवि सोलाभञ्ज्याङ्ग | ३ | ८४ | १:२८ |
| १६ | आविकोल्टार | ६ | १५० | १:२५ |
| १७ | सरस्वतीआवि आरुवोट | २ | १७ | १:८ |
| १८ | सुयादय आविपाचघर | २ | २५ | १:१२ |
| १९ | जनजागृतिमावि गोपे | १२ | २७८ | १:२३ |
| २० | आवि वेलवोट | ७ | १०० | १:१४ |
| २१ | नेत्राकालीआवि बन्दीपुर | ३ | ७१ | १:२४ |

| | | | | |
|---|---|---|---|---|
| २२ | ठाकुरस्थानआवि शीखरपुर | ३ | ५४ | १:१८ |
| २३ | लक्ष्मीआवि भोटथुम | ३ | ४० | १:१३ |
| २४ | सिद्धार्थआवि आहाले | १ | ९ | १:९ |
| २५ | प्रेमाटासीआवि चौकीडाँडा | २ | २३ | १:११ |
| २६ | श्रीमुक्ति आवि बोक्से | १ | १६ | १:१६ |
| २७ | नेत्राकालीमावि आँपडाँडँ रामपुर | १९ | ६३० | १:३३ |
| २८ | निमाविगोठडाँडा चैनपुर | ७ | १२५ | १:१८ |
| २९ | महेन्द्रोदयआवि रामपुर गर्के | ५ | ८५ | १:१७ |
| ३० | भानु आविसिंग्पाल | ३ | ५७ | १:१९ |
| ३१ | शान्तेश्वरीआवि रामपुरभञ्ज्याङ्ग | ३ | ३५ | १:१२ |
| ३२ | शाहीठाकुरआवि रातु चैनपुर | १ | २१ | १:२१ |
| ३३ | गणेश आविराङ्चा | ० | ३ | १:३ |
| ३४ | बागेश्वरीआवि बागखोर | २ | २३ | १:११ |
| ३५ | जनप्रेमीआवि बुधुमचुली | २ | १० | १:५ |
| ३६ | बालज्योलिआवि माटोखानी | १ | १२ | १:१२ |
| | जम्मा | १६९ | ३६५८ | १:१७ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ३६ वटा विद्यालयमा १६९ जना शिक्षक र ३६५८ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:१७ रहेको छ । श्री जनप्रेमीआवि बुधुमचुलीको शिक्षक विद्यार्थी अनुपात १: ५ रहेको छ त्यसैगरी श्री नेत्रकाली मा विआँपडाँडा, रामपुरको शिक्षक विद्यार्थी अनुपात १:३३ रहेको छ भने १ वटा विद्यालयमा ईसिडी सञ्चालन गरेकोले शिक्षक विद्यार्थी अनुपात देखिएको छैन ।कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ

७३ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजनः**

पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:१७ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

७४ **प्रति विद्यार्थी लागतः**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १०६०१८६३४ | ९५६११५४९।१४ | ३७२५ | २५६६७ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु. २५६६७ ।– रहेको छ ।

७५ **शैक्षिक गुणस्तरः**

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा २१८ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जि.पि.ए. | सहभागी विद्यार्थी संख्या | उत्तिर्ण विधार्थी संख्या | उत्तिर्ण प्रतिशत |
|---|---|---|---|---|
| १ | ३.६१ - ४.०० | २१८ | ३ | १.४ |
| २ | ३.२१ - ३.६० | | १९ | ८.७ |
| ३ | ३.२१ भन्दा कम | | १७५ | ८०.३ |
| | जम्मा | | १९७ | |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जि.पि.ए. ल्याउने ३ जना, ३.२१ - ३.६० जि.पि.ए. ल्याउने १९ जना र ३.२१ भन्दा कम जि.पि.ए. ल्याउने १७५ जना विद्यार्थी गरी १९७ जना विद्यार्थी उत्तिण भएको देखिन्छ ।जसअनुसार उच्च जि.पि.ए.. ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएको तथा सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.२५६६७।– रहेकोमा उत्तिर्ण प्रतिशत न्यून रहेकोले शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

७६ **दिवा खाजाः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ को क्रियाकलाप ७.१ बमोजिम स्थानीय तहले विद्यालय खुलेको आधारमा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका(परिक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई संख्या एकिन भए पश्चात मात्र प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म अध्यनरत बालबालिकाहरुका लागि रु.१५/- का दरले १८० दिनका लागि त्रैमासिक रुपमा निकासा गर्ने र त्रेस्रो त्रैमासिकमा अनुदान निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुप्रयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस आ व २०८०।८१ मा प्रथम त्रैमासिकमा रु ११७८४४० दोस्रो त्रैमासिकमा ८४३५४५ तेस्रो त्रैमासिकमा ११३०३७५ र चौथो त्रैमासिकमा १०३६७२५ गरी वर्षभरिमा जम्मा रु ४१८९०८५ खर्च गरेको देखिएको छ। दिवा खाजा विद्यार्थीको स्वास्थ्य संग प्रत्यक्ष जोडिएको हुँदा सोको नियमित अनुगमन गर्नुपर्दछ ।

७७ **स्यानीटरी प्याडः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८०१ को कम्पोनेन्ट २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६ देखि १० सम्मका छात्राहरु तथा आवश्यकतानुसार अन्य कक्षाका छात्राहरुको कम्तिमा १० महिनालाई पुग्ने स्यानीटरी प्याड निशूल्क रुपमा वितरण गर्ने व्यवस्था रहेको छ । यस पालिकामा रहेका ३६ विद्यालय मध्ये कक्षा ५ देखि माथि अध्यापन गराईने ११ विद्यालयका ९१८ छात्रालाई मासिक रुपमा आवश्यक पर्ने प्याडको माग संकलन गरी ३ वटा फर्म संग कोटेशन दर्ता गरेकोमा फर्महरु मध्ये सबैभन्दा कम मूल्य प्रतिप्याकेट रु ७३.४५ मूल्यमा ९२४० थानको जम्मा ६७८६७८ मा श्री हिमालयन मेडिसिन डिस्टीव्युटर्सबाट सेनेटरी प्याड खरिद गरी भुक्तानि दिएको देखिएको छ । यसरी खरिद गरिएका स्यानीटरी प्याड मध्ये ६६०० थान विद्यालयमा वितरण गरेको र बाँकी २६४० थान कार्यालयमा नै मौज्दात रहेको छ ।आवश्यकताको आधारमा खरिद गरिनुपर्दछ ।

७८ **सामाजिक सुरक्षा भत्ता वितरणः**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ।यस आर्थिक बर्षमा पालिकाले देहायका लाभग्राहिलाई देहाय अनुसार पहिलो र दोस्रो किस्ता बैंक मार्फत र अन्य किस्ता लाभग्राहीको खातामा ई.एफ.टी गरी भत्ता वितरण गरेको छ।

| सि.नं. | सा.सु किसिम | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | जेष्ठ अन्य | ८१५ | ९७३९२२६ | ८१० | ९६५५०८१ | ८०६ | ९५७२५४१ | ८१३ | ९६२२६८३ |
| २ | जेष्ठ दलित | २३ | १८०८८० | २४ | १८८८६० | २४ | १८८८६० | २३ | १८३५४० |
| ३ | जेष्ठ एकल महिला | ९३ | ७३९४८० | ९३ | ७३९४८० | ९२ | ७२९४६१ | ८९ | ७०७५६० |
| ४ | विधवा | १७२ | १३५१२८० | १७६ | १३८५८६० | १८४ | १४२८४२० | १९१ | १५०५५६० |
| ५ | पूर्ण अपाङ्ग | ५७ | ६८२२९० | ५७ | ६८२२९० | ५७ | ६८०४२८ | ५६ | ६७०३२० |
| ६ | अति अशक्त अपाङ्ग | ९२ | ५८०९४४ | ९२ | ५८७३२८ | ९४ | ५९३७१२ | ९४ | ६०००९६ |
| ७ | दलित वालवालिका | ३९ | ६०६४८ | ४२ | ६५९६८ | ४२ | ६५१४२ | ४५ | ७००१८ |
| जम्मा | | १२९१ | १३३३४७४८ | १२९४ | १३३०४८६७ | १२९९ | १३२५८५६४ | १३११ | १३३५९७७७ |
| **कुल जम्मा** | | | | | | **५३२५७९५६** | | | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : घ्याङखेल गाउँपालिका, सिन्धुली , घ्याङलेख गाउँपालिका , सिन्धुली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दाताराम प्याकुरेल | २०८१-१-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | महेश्वर दाहाल | २०८०-७-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८४८,४८९ | ५,७४७,९७९ | ३,८०८,१२० | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १०,४०४,५८८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ५३६,४१८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ९,८६८,१७० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४१६७१८९६.१२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ८६१२५३४२ | चालु खर्च | २१९५७२३७७.६ |
| प्रदेश सरकारबाट अनुदान | ४०७१३५१८ | पूँजीगत खर्च | १११११७४२१ |
| राजश्व बाँडफाँट | ८५८५८१९२.३२ | वित्तीय/अन्य व्यवस्था | ६६१०१४७२.९९ |
| आन्तरिक आय | ३९७२८१८.२६ | | |
| अन्य आय | २०९११८३८८.९ | | |
| कुल आय | ४२५७८८२५९.४८ | कुल खर्च | ३९६७९१२७१.५९ |
| बाँकी मौज्दात | | ७०६६८८८४.०१ | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| आर्थिक सङ्केत | विवरण | चालुआ.ब.को कारोबार | | | गतआ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | **राजस्वअनुदान र अन्य प्राप्ति** | | | | | | |
| ११००० | कर | ८३५५५४७११.०३ | ० | ८३५५५४७११.०३ | ५९४३७२८८.९३ | ० | ५९४३७२८८.९३ |
| १३००० | अनुदान | २५०३१०२३९.५४ | ० | २५०३१०२३९.५४ | २४६७१५५३४.७८ | ० | २४६७१५५३४.७८ |
| १४००० | अन्यराजस्व | ४६१३७०९.१७ | ० | ४६१३७०९.१७ | १०३०६०५.६० | ० | १०३०६०५.६० |
| १५००० | विविधप्राप्ति | ३३८१७६.०० | ० | ३३८१७६.०० | ० | ० | ० |
| क | **कुलजम्मा प्राप्ति** | ३३८८१६८३५.७४ | | ३३८८१६८३५.७४ | ३०७१८३४२९.३१ | | ३०७१८३४२९.३१ |
| ३ | चालु | २१९४८४६५१.७३ | ० | २१९४८४६५१.७३ | २१७८८८०११.२३ | ० | २१७८८८०११.२३ |
| २१००० | पारिश्रमिक / सुविधा | १४८१५८०६६.३० | ० | १४८१५८०६६.३० | १४८३३९४७५.७५ | ० | १४८३३९४७५.७५ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ५२६०९१६३.२३ | ० | ५२६०९१६३.२३ | ४८५१२२२०.४८ | ० | ४८५१२२२०.४८ |
| २५००० | सहायता (Subsidy) | ७२६८०८७.०० | ० | ७२६८०८७.०० | ७७१३४००.०० | ० | ७७१३४००.०० |
| २६००० | अनुदान | ३३११००.०० | ० | ३३११००.०० | ६४५०००.०० | ० | ६४५०००.०० |
| २७००० | सामाजिकसुरक्षा | १००८१३३५.२० | ० | १००८१३३५.२० | ११६००६०४.०० | ० | ११६००६०४.०० |
| २८००० | अन्यखर्च | १०३६९००.०० | ० | १०३६९००.०० | १०७७३११.०० | ० | १०७७३११.०० |
| ४ | पूंजीगत | ११११७४२१.०० | ० | ११११७४२१.०० | १२८५९०२८५.४८ | ० | १२८५९०२८५.४८ |
| ३१११० | भवनतथा संरचना | १३९७९७४०.०० | ० | १३९७९७४०.०० | २५३८८६२.०० | ० | २५३८८६२.०० |
| ३११२० | सवारीसाधनमेशिनरी औजारफर्निचर्स तथा फिक्चर्स | ४२८४२०१.०० | ० | ४२८४२०१.०० | २७६९६७२.०० | ० | २७६९६७२.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | ३५५३९५०.०० | ० | ३५५३९५०.०० | ८३९१६७०.४८ | ० | ८३९१६७०.४८ |
| ३११५० | सार्वजनिकनिर्माण | ८९०४२११८.०० | ० | ८९०४२११८.०० | ११३०३३४२७.०० | ० | ११३०३३४२७.०० |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | २५७४१२.०० | ० | २५७४१२.०० | १८५६६५४.०० | ० | १८५६६५४.०० |

| आर्थिक सङ्केत | विवरण | चालुआ.ब.को कारोबार | | | गतआ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| ख) | कुलजम्मा भुक्तानी | ३३०६०२०७२.७३ | | ३३०६०२०७२.७३ | ३४६४७८२९६.७१ | | ३४६४७८२९६.७१ |
| ग) | बचत /कमी (ग = क-ख ) | ८२१४७६३.०१ | | ८२१४७६३.०१ | (३९२९४८६७.४०) | | (३९२९४८६७.४०) |
| घ) | धरौटीआकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ३६९३१०२.०३ | | ३६९३१०२.०३ | १४२८५६९२.३४ | | १४२८५६९२.३४ |
| घ.१) | कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी | २३४९५३.०० | | २३४९५३.०० | (४४४४४५.००) | | (४४४४४५.००) |
| ङ) | यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ११९०७८६५.०४ | | ११९०७८६५.०४ | (२५००९१७५.०६) | | (२५००९१७५.०६) |
| च) | गतआ.व.को नगद तथा बैंक मौज्दात | ५८९९७२६१.१२ | | ५८९९७२६१.१२ | ८४००६४३६.१८ | | ८४००६४३६.१८ |
| छ) | विनिमयनाफा/घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ७०९०५१२६.१६ | | ७०९०५१२६.१६ | ५८९९७२६१.१२ | | ५८९९७२६१.१२ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।